**मिति २०७७ साल आश्विन १२ गतेको कार्यपालिकाको निर्णयहरुः**

निर्णय नं.१,

प्रस्ताव नं १ माथि छलफल गर्दा शिक्षा समितिमा रिक्त रहेका वा म्याद समाप्त भएका पदहरुमा शिक्षा नियमावली,२०७४ दाफा २४ को प्रावधान बमोजिम देहयका व्यक्तिहरुलाई मनोनीत गरी समितिलाई पूर्णता दिने ।

तपशिल

१. संस्थागत विद्यालयको तर्फबाट : श्री दशरथ चौधरी (प्र.अ बुद्धकिरण बोडिङ्ग इस्कुल , राजपुर ६)

२. गाउँपालिका स्तरीय विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरु मध्यबाट : श्री ओमप्रकाश रोका ( प्रा.वि गोठुवा राजपुर ७, अध्यक्ष वि.व्य.स )

निर्णय नं.२,

प्रस्ताव नं २ माथि छलफल गर्दा कोरोना माहामारीको सन्दर्भमा भएको लकडाउनको अबधिमा नाका तथा अन्य क्षेत्रमा राहात वितरण र नाका क्षेत्रमा अत्यावश्यक खाद्य तथा अन्य उपभोग्य सामाग्री उपलब्ध गराउने व्यक्तिहरुलाई ढुवानी उपलब्ध गराइदिन भनि विभिन्न वडा कार्यालयबाट शिफारिस भई आएकोले त्यसरी शिफारिस भई आएका तपशिलका व्यक्ति र तीनीहरुको ढुवानी भाडा नियमानुसार विपद व्यवस्थापन कोष(कोरोण कोष) बाट भुक्तानी दिने ।

तपशिल

| क्र.स. | ढुवानी गर्ने व्यक्ति | ढुवानी गरेको परिमान( के.जी.मा) | भाडा दर | जम्मा ढुवानी रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | प्रदुमन चौधरी | २६०० | ५.५० | १४३०० | वडा न. ६ बाट |
| २ | प्रेमकुमार चौधरी | २६०० | ५.५० | १४३०० | वडा न. ६ बाट |
| ३ | खर्कबहादुर खत्री | ८८२२ | ५.५० | ४८५२१ | वडा न. ६ बाट |
| ४ | माधु चौधरी | २६०० | ५.५० | १४३०० | वडा न. ६ बाट |
| ५ | नबराज घर्ती | ११८३२ | ६.५० | ७६९०८ | वडा न. ७ बाट |
| ६ | सूर्योदय कृषक बहुउद्देश्यीय सहकारी संस्था लि. | ६६९० | १.५० | १००३५ | वडा न. १ बाट |
| ७ | जमान सिंह गिरी | ४७८० | ४.५० | २१५१० | वडा न. १ बाट |
| ८ | जमान सिंह गिरी | ३४०८ | १.५० | ५११२ | वडा न. १ बाट |
| ९ | सुरज सुनार | ६८४५ | ४.५० | ३०८०२ | वडा न. १ बाट |

निर्णय नं.३,

प्रस्ताव नं ३ माथि छलफल गर्दा चालु आ.व.मा स्वीकृत तपशिलका आयोजनाको डिपिआर तथा जियो फिजिकल सर्भे गर्ने ।

तपशिल

| क.स. | आयोजनाको नाम,ठेगाना | गर्नुपर्ने कामको विवरण | कैफियत |
|---|---|---|---|
| १ | कल्यानपुर नाका खानेपानी योजना | डिपिआर तथा जियोफिजिकल सर्भे | |
| २ | सिरिया नाका खानेपानी योजना | डिपिआर तथा जियोफिजिकल सर्भे | |
| ३ | जितबहादुर सिंजाली मगर सडक निर्माण योजना | डिपिआर | |

निर्णय नं.४,

प्रस्ताव नं ४ माथि छलफल गर्दा गत आ.व.मा सम्पन्न भएका वा हुनुपर्ने गरी संचालन भई कार्य सम्पन्न भएका तपशिलका योजनाहरुलाई देहाय अनुसार गरी भुक्तानी दिने ।

तपशिल

(क) गत आ.व.२०७६।७७ मा संघिय सशर्त अनुदान तर्फ विद्यालय भौतिक पूर्वाधार निर्माणका लागि शंकर मा.वि.खरदरियाको २ कोठे भवन निर्माण कार्यको सम्झौता भई निर्माण कार्य भएकोमा सम्बन्धित निर्माणकर्ताबाट आ.व.को अन्त्य सम्ममा पनि रकम भुक्तानी लिन नसकी उक्त रकम फ्रिज भएको सम्बन्धमा कार्यालयबाट सम्बन्धित निकायमा रकम निकासाका लागि पत्राचार भएको र उल्लेखित रकम प्राप्त हुन आएपछि आवश्यकता अनुसार विनियोजन हुने गरी हाललाई चालु आ.व.२०७७।०७८ को संघिय सशर्त अनुदान तर्फको विद्यालय भौतिक पूर्वाधार निर्माण कार्यक्रमबाट मूल्याङ्कन बमोजिमको रकम सम्बन्धित निर्माणकर्तालाई भुक्तानी दिने ।

(ख) गत आ.व.२०७६।७७ मा कार्यान्वयन हुने गरी स्वीकृत वडा न. १ को लामिडाँडा देखि पटौली भित्री खोला सम्म सडक स्तरोन्नती कार्यको लागि सम्बन्धित उपभोक्ता समितिसंग सम्झौता भई कार्य सम्पन्न भए पनि उक्त आ.व.मा भुक्तानी नभएको र चालु आ.व.मा भुक्तानी हुनेगरी गाउँसभाबाट स्वीकृत हुन छुट हुन गएकोले सोही वडाको चालु आ.व. २०७७।०७८ मा कार्यान्वयन हुने गरी स्वीकृत पटौली नाका लामिडाँडा देखि वोर्डर सम्म बाटो स्तरोन्नती योजनाबाट उक्त रकम भुक्तानी गर्ने र आउदो हिउदे गाउँसभाबाट उक्त योजनामा बजेट विनियोजनको व्यवस्था मिलाउने ।

निर्णय नं.५,

प्रस्ताव नं ५ माथि छलफल गर्दा कृषि तथा पशुपंक्षी मन्त्रालयबाट प्राप्त सशर्त अनुदान अनन्तरगत लागत साझेदारीमा पशुपन्क्षी प्रवर्द्धन कार्यक्रम कार्यसंचालन प्रक्रिया सम्बन्धी मार्गदर्शन,२०७७ को दफा ६(१) को खण्ड (क) मा सामाजिक परिचालकको नियुक्ति सम्बन्धमा उल्लेख भएको र सो खण्डमा लागत साझेदारी कार्यक्रम संचालन भएका स्थानीय तहहरुले सामाजिक परिचालक करारमा नियुक्त गर्न सक्नेछन भन्ने व्यवस्था भएकोले गाउँपालिकाको पशु पन्क्षी विकास कार्यमा सहयोग पुऱ्याउन सामाजिक परिचालक भर्ना गर्न १५ दिने सुचना प्रकाशन गरि प्रतिस्पर्धाको आधारमा भर्ना गर्ने निर्णय गरियो ।

निर्णय नं.६,

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस गाउँपालिका क्षेत्र भित्रको नदिजन्य पदार्थ संकलन तथा विक्रि वितरण कार्यको लागि गाउँपालिका क्षेत्र भित्रका तपशिलका संभाव्य स्थानहरुको प्रारम्भिक वातावरणीय परिक्षण (आई.ई.ई.) गर्ने ।

तपशिल :

| क्र.स. | आई.ई.ई. गर्ने स्थान | वडा नं | कैफियत |
|---|---|---|---|
| १ | कोरिया खोला घाट (तल्लो बेल्ट) | ५ | |
| २ | कोरिया खोला घाट (माथिल्लो बेल्ट) | ५ | |
| ४ | करङगा खोला बसन्तपुर घाट | ३ | |

निर्णय नं.७,

प्रस्ताव नं ७ माथि छलफल गर्दा यस गाउँपालिका अन्तरगत विभिन्न पदमा करारमा भर्ना गर्न लिइएको परिक्षामा सफल भई पदपूर्ति समितिबाट शिफारिस भएका देहायका उम्मेदवारहरुलाई मिति २०७७।६।६ गते देखि लागुहुने गरी करारमा भर्ना गर्ने र राजपुर स्वास्थ्य चौकीको लागि आवश्यक एक जना डार्करुम असिष्टेन्ट पदमा करारमा भर्ना गर्न विज्ञापन नं ०३।०७७।०७८ पद डार्करुम असिष्टेन्ट एक कायम गरी मिति २०७७।४।२८ मा १५ दिने सूचना प्रकासित गरिएको र सो अनुसार डार्करुम असिष्टेन्टमा जम्मा एक जनाको मात्र दरखास्त पर्न आएकोमा उक्त दरखास्त रीत नपुगेको(सम्बन्धित विषयको प्रमाणपत्र संलग्न नभएको) ले खारेज भएको हुँदा करार सेवा डार्करुम असिष्टेन्ट पद को लागि पुनः सुचना प्रकाशन गर्न साथै आ.ब २०७७।७८ को स्विकृत बार्षिक बजेट अनुसार महतेनिया खोलामा स्थापना हुने आधारभुत स्वास्थ्य ईकाईको लागि आवश्यक करार सेवा अ.हे.व पदको लागि सार्वजनिक सुचना प्रकाशन गरी पदपुर्ति गर्ने ।

तपशिल :

| क्र.स. | वि.न. | पद | शिफारि भएको व्यक्ति | स्थायी ठेगाना | कैफियत |
|---|---|---|---|---|---|
| १ | ०२।०७७।०७८ | ल्याव अशिष्टेन्ट | सिता यादव | राजपुर २ | |
| २ | ०१।०७७।०७८ | प्राविधिक सहायक(सिभिल) | नविन बुढा | विरेन्द्रनगर २ सुर्खेत | |

निर्णय नं.८,

प्रस्ताव नं ८ माथि छलफल गर्दा गाउँपालिकाको कार्य व्यवस्थापनको लागि देहायका कानूनहरु निर्माण गर्न आवश्यक देखिएकोले ती कानूनहरु निर्माण गर्न सैद्धान्तिक सहमती दिने ।

तपशिल

| क्र.स. | निर्माण/संसोधन गर्नुपर्ने कानूनको विवरण | गर्नुपर्ने काम | कैफियत |
|---|---|---|---|
| १ | शिक्षा नीति तथा योजना | नयाँ निर्माण | |
| २ | गाउँपालिकाको O & M | नयाँ निर्माण | |
| ३ | सार्वजनिक खरिद नियमावली,२०७६ | संसोधन | |
| ४ | संक्षिप्त वातावरणीय अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण कार्यविधि, | नयाँ निर्माण | |
| ५ | भवन निर्माण मापदण्ड | नयाँ निर्माण | |
| ६ | बजार अनुगमन निर्देशिका | नयाँ निर्माण | |
| ७ | वातावरण संरक्षण ऐन | नयाँ निर्माण | |
| ८ | उपभोक्ता समिति गठन,परिचालन तथा व्यवस्थापन कार्यविधि,२०७५ | संसोधन | |
| ९ | शिक्षा नियमावली,२०७४ | संसोधन | |
| १० | व्यवसाय दर्ता तथा नविकरण कार्यविधि,२०७५ | संशोधन | |
| ११ | समुह दर्ता कार्यविधि | नयाँ निर्माण | |

निर्णय नं.९,

प्रस्ताव नं ९ माथि छलफल गर्दा देसभरी महामारीको रुपमा फैलिएको कोरोना(COVID 19) को विरामी उपचारको लागि राप्ती गाउँपालिकाको लालमटीयामा स्थापना भएको देउखुरी आइसोलेसन केन्द्रको लागि प्रथम चरणमा प्रत्यक स्थानीय तहबाट (देउखुरी क्षेत्रका) रु.१५ लाख माग गरिएकोमा तत्काल रु. १० लाख उपलब्ध गराइएको र राप्ती गाउँपालिका कार्यालयको च.न.२९३ मिति २०७७।५।२१ को पत्रबाट थप रु.५ लाख उपलब्ध गराइदिन लेखिआएकोले कार्यालयबाट मिति २०७७।५। मा उपलब्ध गराएको रु. ५(पाँच) लाख रकम अनुमोदन गर्ने ।

निर्णय नं. १०,

प्रस्ताव नं. १० माथि छलफल गर्दा विद्यालय पुर्वाधार विकास कार्यक्रम अन्तगत आ.ब २०७७७८ को लागि यस गाउँपालिका तपशिल बमोजिमका विद्यालयमा २ कोठे भवन निर्माण गर्न १६ लाखका दरले बजेट विनियोनियोजन गर्ने तथा मा.वि खरदरियाको लागि माग भएको बजेट प्राप्त भएपछि जनप्रिय प्रा.वि राजपुर ७ ,गोठुवा लाई उपलब्ध गराउने ।

तपशिल :

| क.स | विद्यालयको नाम | ठेगना | कैफियत |
|---|---|---|---|
| १ | दिपज्योति प्रा.वि | राजपुर ५, जंग्राहवा | |
| २ | जनप्रिय प्रा.वि | राजपुर ६ , गंगदीखोला | |
| ३ | बालबिसौनी प्रा.वि | राजपुर १, पटौलीनाका | |